# चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट ।

आ.ब. २०७६।०७७ को लागि आन्तरिक आयको ठेक्का बन्दोवस्त सम्वन्धी
बोलपत्र आव्हानको सूचना ।
(प्रथम पटक प्रकाशित मिति : २०७६।०५।१० गते

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (घ) को (६) र दफा ६४ (च) बमोजिम चन्द्रपुर नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने ढुंगा, गिट्टी, बालुवा, रोडा (वहत्तर बहत्तर समेतको) लगाएतका नदिजन्य सामाग्रीहरुको विक्रीबाट कर/शुल्क/दस्तुर संकलन गर्न चालु आ.ब. को जेष्ठ मसान्तसम्मको लागि आन्तरिक आय ठेक्काहरु बन्दोबस्त गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित ठेक्का विवरण र शर्तहरुको अधिनमा रही इच्छुक योग्य फर्म वा कम्पनीहरुले कार्यालयबाट बोलपत्र फाराम खरिद गरी फर्म वा कम्पनी दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मूल्य अभिवृद्धि कर (VAT) को प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७४।०७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित सो फर्म वा कम्पनी कार्य गर्न योग्य भएको र कालो सूची (Black List) मा नपरेको स्वघोषणा (Declaration) पत्र सहित तोकिएको दस्तुर रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड, चन्द्रनिगाहपुर शाखामा रहेको सञ्चित कोषको खाता नं. ग-४-१-०८१०३०००००००४००१००१ मा जम्मा गरेको बैंक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरी रीतपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन सम्वन्धित सबैको जानकारीको लागि बोलपत्र आव्हानको यो सूचना प्रकासित गरिएको छ ।

तपशिल

| क्र.सं | ठेक्का नम्बर र आर्थिक बर्ष | ठेक्काको कार्य क्षेत्रको विवरण | उत्खनन् हुने अधिकतम परिमाण (घन मिटरमा) | बोल कबोल गर्नुपर्ने न्यूनतम रकम अंक बार्षिक (VAT बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी राख्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १. | २७/२०७६/०७७ | पूर्व पश्चिम राजमार्गको चाँदी खोलाको उत्तरतर्फ | ६०,००० | १,२८,००,०००।– (एक करोड अठाइस लाख मात्र ) | ३०००।- | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |
| २. | २८/२०७६/०७७ | बागमती नदिको पौराई नाका पौराई वोभानसम्मको क्षेत्र | ६७,५०० | १,२२,००,०००।– (एक करोड वाईस लाख मात्र) | ३,०००।- | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |
| ३. | २९/२०७६/०७७ | चाँदी नदीको पूर्व पश्चिम राजमार्गको दक्षिणतर्फ | ७,५०० | ११,००,०००।– ( एघार लाख मात्र) | १,०००।- | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |

शर्तहरु :

१. ईच्छुक बोलपत्रदाताहरुले ठेक्का नं २७ र २८ को हकमा रु ३००० (तीन हजार मात्र) र ठेक्का नं २९ को हकमा रु १०००। (एक हजार मात्र) दस्तुर फिर्ता नहुने गरी कार्यालयको नगदी रसिद वा बैंक भौचर संलग्न गरी यो सूचना प्रथम पटक प्रकासित भएको मितिले ठेक्का नं. २७ र २८ को हकमा ३० दिन वा मिति २०७६।०६।८ गते बुधवार कार्यालय समयभित्र र ठेक्का नं. २९ को हकमा १५ दिन वा मिति २०७६।०५।२४ गते मंगलवार कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गरी सक्नुपर्नेछ ।

२. ठेक्का नं. २७ र २८ को हकमा बोलपत्र फाराम भरी दर्ता गर्ने अन्तिम मिति २०७६।०६।०९ गते विहिवार दिनको १२ बजे भित्र र कार्यालयमा दर्ता भएका बोलपत्र फाराम खोल्ने मिति २०७६।०६।०९ गते विहिवार दिनको २ बजे तथा ठेक्का नं. २९ को हकमा बोलपत्र फाराम भरी दर्ता गर्ने अन्तिम मिति २०७६।०५।२५ गते वुधवार दिनको १२ बजे भित्र र कार्यालयमा दर्ता भएका बोलपत्र फाराम खोल्ने मिति २०७६।०५।२५ गते वुधवार दिनको २ बजे बोलप्रत्रदाता वा निजको

बलराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएको अवस्थामा बोलपत्र फाराम खोल्न बाधा पर्नेछैन ।

३. बोलपत्र फाराम खरिद एवं दर्ता गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछिको कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ ।

४. शर्त सहितको बोलपत्र फाराम मूल्याङ्कनमा समावेश गरिनेछैन । बोलपत्रदाताले बोल कबोल गरेको रकम अंक र अक्षरमा स्पस्ट लेख्नुपर्नेछ, अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईने छ । काटेको अंक र अक्षरमा बोलपत्रदाताको दस्तखत गर्नुपर्नेछ अन्यथा मान्यता दिइनेछैन ।

५. बोलपत्रदाताले बोलपत्र दर्ता गर्दा आफुले बोल कबोल गरेको रकम अंकको ५% ले हुन आउने रकम नेपाल बैक लि. चन्द्रनिगाहपुर शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३-०८१०३०००००००३००००१ खातामा जम्मा गरेको सक्कलै बैक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

६. ठेक्का स्वीकृत पश्चात बोलपत्रदाताले बोल कवोल गरेको जम्मा रकमको ५०% ले हुन आउने रकम सम्भौता गर्नुपूर्व कार्यालयमा नगद जम्मा गर्नुपर्ने र बाँकि ५०% रकमको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकको कम्तीमा २०७७ आषाढ मसान्तसम्मको म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ । बोलपत्रदाताले सम्झौताको समयमा ठेक्काको बोल कवोल गरेको सम्पूर्ण रकम कार्यालयमा एकमुष्ट वुझाएमा ठेक्काको बोल कवोल गरेको कर बाहेकको रकमको अंकको सहुलियत स्वरुप १०% ले हुन आउने रकम छुट दिन सकिनेछ। ठेक्का अवधिमा अन्य कुनै किसिमको छुट, माफी, मिनाहा समेत मागदावी गर्न पाइनेछैन। स्वीकृत भएको बोलपत्रको सम्वन्धित बोलपत्रदाताले तोकिएको समयावधी भित्र कार्यालयमा सम्झौता गर्न नआएमा निजलाई यस कार्यालयको कालो सूची (Black List) मा राखिनेछ ।

७. बोलपत्रदाताले बोल कबोल गरेको रकम अंकको १३% ले हुन आउने मूल्य अभिविद्धि कर (VAT) को रकम सम्वन्धित आन्तरिक राजश्व कार्यालय वा करदाता सेवा कार्यालयमा वुझाउनुपर्नेछ। सो वाहेक प्रचलित ऐन नियमानुसार वुझाउनुपर्ने आयकर लगायत अन्य कर, दस्तुर तथा शुल्क समेतको करको रकम बोलपत्रदाता/ठेकेदार स्वंयमले सम्वन्धित कार्यालयमा वुझाउनुपर्नेछ ।

८. ठेक्का अवधी चालु आर्थिक वर्ष २०७६/०७७ को सम्झौता गरी कार्यादेश दिएको मितिदेखि प्रारम्भ भई २०७७ जेष्ठ मसान्तसम्म मात्र हुनेछ ।

९. बोलपत्रको प्रत्येक पाना/पेजमा बोलपत्रदाताले सहिछाप गरेको हुनुपर्नेछ, ठेकेदार र कार्यालय बीच ठेक्काका शर्तहरुको सम्वन्धमा कुनै बिबाद सृजना भएमा चन्द्रपुर नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ । सो निर्णय उपर कुनै उजुर बाजुर लाग्नेछैन । बोलपत्र फाराम स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. कर, शुल्क, दस्तुर संकलन गर्ने रसिदहरु ठेक्का शिर्षक अनुसार ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयबाट दस्तखत गराई छाप लगाएर कार्यालयमा रसिद नंम्बर दाखिला गराएपछि मात्र कर, शुल्क, दस्तुर संकलन गर्न प्रयोगमा ल्याउनुपर्नेछ । ठेकेदारले मासिक रुपमा विक्री गरेको विवरण यस कार्यालयमा पेश गर्नुपर्नेछ । विवरण पेश नगरेको कारण कार्यालयबाट ठेक्काको संकलन/उत्खनन् कार्य गर्न रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन । रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

११. ठेकेदारले ढुङ्गा, गिट्टी, र वालुवा संकलन/उत्खनन् कार्य गर्दा गराउँदा चाँदी र वागमती खोलाको स्विकृत (IEE) प्रतिवेदन मा उल्लेखित शर्तहरुको पूर्णरुपमा पालना गर्नुपर्नेछ। (IEE) प्रतिवेदनका शर्तहरु पालना गर्दा वातावरणीय नाकारात्मक प्रभाव न्यूनीकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले ब्यहोर्नुपर्नेछ । नेपाल सरकारबाट वन्देज लगाईएको अवधिमा खोलाबाट नदीजन्य पदार्थ भिक्न पाईने छैन र सो अवधीको क्षती वा मिनाहाको लागि कार्यालयमा माग दावी गर्न पाइनेछैन ।

१२. सम्मानीत अदालत, नेपाल सरकारको निति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र कार्यान्वयन गर्नु सम्वन्धित ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ ।

१३. नदीजन्य पदार्थ उत्खनन् गर्न ठुला मेशिनरी उपकरण प्रयोग गर्नुपर्ने अवस्थामा यस नगर कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम हुनेछ ।

१४. राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट (तगारो) राखी वा अन्य कुनै प्रकारको अवरोध खडा गरि कर, शुल्क, दस्तुर लिन पाईने छैन । तोकिएका कर, शुल्क, दस्तुर संकलन स्थानमा दररेट सहितको होडिंग बोर्ड अनिवार्य रुपमा राख्नुपर्नेछ ।

१५. तोकिएको किस्ताको रकम म्यादभित्र कार्यालयमा नबुझाएमा कार्यालयको तर्फबाट ठेक्का तोडी बुझाउन बाँकि किस्ताको रकम ठेकेदारले कार्यालयमा पेश गरेको बैंक जमानतको रकमबाट असुल उपर गरिनेछ, सो अवस्थामा बुझाउन बाँकि रकमको १० प्रतिशतले हुन आउने रकम थप जरिवाना समेत जोडी सरकारी रकम बाँकि सरह असुल उपर गर्ने प्रक्रिया अगाडि बढाइनेछ र त्यस्तो ठेकेदारलाई यस कार्यालयको कालो सूची (Black List) मा राखिनेछ ।

बलराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

१६. नदी किनार तथा आसपासका बनस्पती र जिबजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय राजमार्ग र सहायक राजमार्गका दायाँबायाँ निषेध गरिएका स्थान बाहेक तोकिएका स्थानहरुबाट मात्र नदीको बहाब परिवर्तन नहुने गरी बिहान सूर्योदय देखि बेलुका सूर्यास्तसम्म मात्र नदीजन्य पदार्थहरु भिक्न पाइनेछ, हावा चलेको बेलामा वा पानी चुहिने गरी, धुलो उडने गरी ढुवानी गर्न पाइनेछैन, ढुवानी गर्दा छोपेर प्रचलित कानूनको अधिनमा रही गर्नुपर्नेछ, अन्यथा नियमानुसार कारवाही गरिनेछ ।

१७. मोटरेवल पुल, कजवे तथा कल्भर्टबाट दुबै तर्फका पुलहरुको ५०० मिटर अपस्ट्रिम र ५०० मिटर डाउनस्ट्रिमसम्म सामाग्रीहरु निकाल्न निषेध गरिएको छ, घाटसम्म जाने सडकको निकास र त्यसको आर्थिक दायित्व ठेकेदार आफैंले ब्यवस्था गर्नुपर्नेछ ।

१८. नदीजन्य सामाग्रीहरुको ढुवानी गर्दा राजमार्गलाई असर पर्ने गरी सडक निर्माण गर्न पाइनेछैन, असर नपर्ने गरी सडक निर्माण गर्दा लाग्ने खर्च ठेकेदारले ब्यहोर्नुपर्नेछ, सडक निर्माण गर्दा स्थानीयस्तरमा बिवाद सृजना भएमा त्यसको सामाधान गर्ने जिम्मेवारी सम्बन्धित ठेकेदारको हुनेछ । सार्वजनिक आवागमनमा बाधा अवरोध हुनेगरी सामाग्रीहरु जम्मा गर्न पाइनेछैन ।

१९. ठेक्का ब्यवस्थापन गर्दा बालश्रम प्रयोग गर्न निषेध गरिएको छ, मजदुरको दैनिक ज्यालाको हकमा चन्द्रपुर नगर कार्यपालिकाको बैठकबाट स्वीकृत ज्याला दररेटमा कम नहुने गरी ज्याला दिनुपर्नेछ ।

२०. संकलित नदिजन्य पदार्थहरुको ढुवानी ठेक्का कार्यावधि भित्रै सम्पन्न गरिसक्नुपर्नेछ। ठेक्का बन्दोवस्त अवधी पश्चात बाँकि रहेको संकलित नदिजन्य पदार्थहरु/सामाग्रीहरु यस कार्यालयको नियन्त्रण, स्वमित्व र ब्यवस्थापन अन्तर्गत रहनेछ, त्यस प्रकारको सामाग्रीहरुमाथि बोलपत्रदाता/ठेकेदारको कुनै प्रकारको माग दावी रहनेछैन, उजुर बाजुर लाग्नेछैन ।

२१. आर्थिक बर्ष २०७५।०७६ र २०७६।०७७ मा यस कार्यालयबाट बोलपत्र आब्हान गरी स्वीकृत भएका तर कार्यालयमा सम्फौता गर्न नआएको कारणबाट धरौटी रकम जफत गरिएका बोलपत्रदाताहरुको बोलपत्र फाराम मूल्याङ्कनमा समावेश गरिनेछैन् ।

२२. यस सूचना र पट्टा/सम्फौतामा खुलाइएका शर्तहरुको हकमा सोही वमोजिम र अन्य शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

बलराम निकाल
प्रमुख प्रशासकीय अधिकृत